# प्रेस सेन्टर नेपाल
# Press Centre Nepal
केन्द्रीय समिति

जि.प्र.का.,काठमाडौं दर्ता नं. १३९३

प्रेस विज्ञप्ति

उदयपुर जिल्लामा रहेर पत्रकारिता गर्दै आएका प्रेस सेन्टर नेपालका जिल्ला समन्वय समिति सचिव तथा नीगरानी पोस्टका संचालक, रेडियो नेपालको उदयपुर खबरदाता र नेपाल फोटो पत्रकारका केन्द्रिय सचीव र आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का संघीय सदस्य समेत रहेका पत्रकार गजेन्द्र राईलाई २०७९ मंसिर ९ गते समाचार लेखेको विषयलाई लिएर नेपाल प्रहरीले गिरफ्तार गरी 'साइबर क्राइम'को मुद्दा चलाएकोप्रति हाम्रो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचारमा चित्त नबुझे उजुरी गर्ने, अनुसन्धान गरि कार्वाही गर्ने निकाय प्रेस काउन्सिल नेपाल हुँदाहुँदै समाचार लेखेकै विषयमा पत्रकारलाई पक्राउ गरी सम्बन्ध नै नराख्ने 'साइबर क्राइम'मा मुद्दा चलाउनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार भएको हाम्रो ठहर छ । हामी यस कदमको घोर भर्त्सना गर्दछौं ।

तसर्थ पत्रकार राईमाथी लगाइएको 'साइबर क्राइम'को मुद्दा अविलम्ब फिर्ता गरि पत्रकार आचारसंहिता सम्वन्धि विषयमा प्रेस काउन्सिल नेपालमार्फत समस्या समाधान गर्नका लागि सरोकारवाला निकायसँग जोडदार माग गर्दछौं ।

१२ मंसिर २०७९

सन्तोष पौडेल

महासचिव,

प्रेस सेन्टर नेपाल, केन्द्रीय समिति